नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक

## जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकद्वारा जारी गरिएको

# आदेश

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक

विश्वव्यापी रुपमा फैलिइरहेको नोबेल कोरोना भाइरस संक्रमणको अवस्था यस जिल्लामा पनि उल्लेख्य रुपमा घटि नसकेको अवस्थालाई मध्यनजर गरी यस जिल्लाको सम्भावित संक्रमण नियन्त्रण र रोकथाम गर्न कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८, संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानिय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी काभ्रेपलाञ्चोक जिल्लाभरि मिति २०७८।०३।१४ गते राती १२:०० बजेबाट मिति २०७८।०३।२१ गते राती १२:०० बजेसम्म देहायअनुसार जारी गरिएको छ । यस आदेशको अवहेलना तथा बर्खिलाप हुने गरी कहीं कसैबाट कार्य भएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

देहाय

१ सर्वसाधारणले पालना गर्नुपर्ने:

१.१ अत्यावश्यक काम परी हिंडडुल तथा आवतजावत गर्दा जनस्वास्थ्यका मापदण्ड र सामाजिक दुरी पूर्ण रुपमा पालना गर्ने ।

१.२ सबै प्रकारका भेला, जुलुस, सभा, सम्मेलन, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, मनोरञ्जन स्थल, शैलुन, ब्युटि पार्लर, जिमखाना, समुहमा खेलिने खेलकुद, संग्रहालय आदि सञ्चालन नगर्ने ।

१.३ हाट, मेला, जात्रा, रोपाई जात्रा, महोत्सव, पार्टि, भोज जस्ता भिडभाड हुने कार्यहरु नगर्ने ।

१.४ तोकिएको तरकारी बजार बाहेक अन्य सार्वजनिक स्थल र बाटोमा तरकारी तथा फलफुल विक्री वितरण नगर्ने ।

१.५ कोभिड-१९ सँग मिल्दोजुल्दो कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क गर्ने ।

२. कार्यालय सञ्चालन सम्बन्धमा:

२.१. जिल्लास्थित विकास निर्माण र सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित सबै सरकारी कार्यालयहरुले स्वास्थ्य मापदण्डको पालना गरी सेवा प्रवाह सुचारु गर्ने ।

२.२ बैंक तथा वित्तीय संस्थाहरु (फाइनान्स सम्पनी समेत) का हकमा राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकहरुले स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरेर सेवा सञ्चालन गर्ने ।

२.३ बीमा समिति, बीमा कम्पनीहरु, सहकारी संस्था, रेमिट र गैरसरकारी संस्थाहरुले स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरेर भिडभाड कम हुनेगरी कार्यसञ्चालन गर्ने साथै सेवा प्रवाहको वैकल्पिक व्यवस्था मिलाउने ।

३. औषधि/स्वास्थ्य सामग्री, अत्यावश्यक सामग्री तथा अन्यका सम्बन्धमा:

३.१ खाद्यान्न, दुध डेरी, मासु, तरकारी, फलफुल पसल, किराना पसल, खानेपानी, ग्याँस पसलहरु, पुजा सामग्री पसल, स्टेशनरी/पुस्तक पसलहरु, प्रिन्टिङ प्रेसहरु र डिपार्टमेन्टल स्टोर सञ्चालन गर्ने समय बिहान ६:०० देखि बेलुका ७:०० बजेसम्म निर्धारित स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य पालना गरी सञ्चालन गर्ने ।

**शिवराम पोखरेल**
प्रमुख जिल्ला अधिकारी

३.२ सुन पसल, भाँडा, भान्साजन्य, विद्युतीय घरायसी सामग्री, अटोमोबाइल शोरुम, अटोमोबाइल पार्टस् पसल, इलेक्ट्रोनिक, खेलकुद सामग्री, कपडा, जुत्ता, फेन्सी, कस्मेटिक, साडी, गिफ्ट आइटम, टेलरिङ्ग लगायतका पसल सटरहरु बिहान १०:०० बजेबाट साँझ ७:०० बजेसम्म स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य पालना गरी सञ्चालन गर्ने ।

३.३ हार्डवेयर पसल, बिजुलीका सामान, स्यानिटरी, सिमेन्ट, छड, टायल, मार्बल, कार्पेट पसल बिहान ६:०० बजेबाट साँझ ७:०० बजेसम्म सञ्चालन गर्ने ।

४. <u>सार्वजनिक एवम् निजी सवारी साधन सञ्चालन सम्बन्धमा:</u>

४.१. सार्वजनिक सवारी साधनका हकमा जिल्लाभित्र सञ्चालन हुने सवारी साधनहरु बनेपा केन्द्रविन्दु भई कुल सीट क्षमता भन्दा बढी संख्या यात्रुहरु नराख्ने गरी बिहान ६:०० बजेबाट साँझ ७:०० बजेसम्म जोर बिजोर प्रणाली (जोर गते जोर नम्बर र बिजोर गते बिजोर नम्बर) लागु गरी सञ्चालन गर्ने । जिल्लाभित्र सञ्चालन हुने २५ सिट क्षमता भन्दा बढीका सवारी साधनहरुमा चालक, सहचालक तथा यात्रुहरुले निर्धारित जनस्वास्थ्य मापदण्ड अनिवार्य पालना गर्ने ।

४.२ विकास निर्माणका सामग्री ढुवानी गर्ने सवारी साधनहरु स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी जिल्लाभित्र खपत हुने सामग्रीको हकमा साँझ ५:०० बजेपछि बिहान ८:०० बजेसम्म र जिल्ला बाहिर लैजानेको हकमा राती ९:०० बजेदेखि बिहान ५:०० बजेसम्म सञ्चालन गर्न सक्ने ।

५. नेपाल सरकारका कर्मचारी, बैंक तथा वित्तीय संस्था, विमा कम्पनी, विद्युत, संचार, खानेपानी, फोहोरमैला व्यवस्थापन सम्बन्धी अत्यावश्यक सेवामा कार्यरत कर्मचारीले प्रयोग गर्ने निजी सवारी साधनका हकमा कार्यालयले जारी गरेको परिचय-पत्रका आधारमा आवतजावत गर्ने ।

६. सञ्चार कर्मी एवम् पत्रकारको हकमा सूचना सङ्कलन तथा सम्प्रेषण गर्न सूचना विभागले जारी गरेको परिचय-पत्रको आधारमा आवतजावत गर्ने ।

७. निषेध अवधिभर होटल तथा रेष्टुरेन्टहरुले Takeaway र Home Delivery सेवा दिन सक्ने ।

८. बिवाह, ब्रतबन्ध जस्ता साँस्कृतिक संस्कारजन्य कार्यक्रमहरुको आयोजनाका लागि स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्नेगरी आफ्नो घर वा बसेको स्थानमा मात्र गर्ने । बिवाहको हकमा (दुलाहा, दुलही समेत) १५ जना भन्दा बढी नहुने गरी २ वटा सवारी साधन मात्र प्रयोग गर्ने गरी ब्यानरका आधारमा आवतजावत गर्ने ।

९. माथि उल्लेखित आदेशहरु पालना नगर्ने वा यो काम गर्न बाधा पुऱ्याउने जो कोहीलाई कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८, संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ अनुसार सजाय हुने व्यहोरा सबैमा जानकारी गराईन्छ ।

मितिः २०७८।०३।१४

(शिवराम पोखरेल)
प्रमुख जिल्ला अधिकारी

**शिवराम पोखरेल**
प्रमुख जिल्ला अधिकारी